# कार्यपालिका बोर्ड बैठक

आज मिति २०७८/०९/०९ गतेका दिन बारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिका का अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूको अध्यक्षता मा निम्नानुसार गाउँ कार्यपालिका पदाधिकारीहरु को उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न प्रस्ताव उपर छलफल गरी निम्नानुसार निर्णय गरीयो ।

**उपस्थितिः**

| दस्तखत | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| | श्री फेन्चोक छेसेन गुरुङ | अध्यक्ष, कार्यपालिका | |
| | श्री दिकी गुरुङ | उपाध्यक्ष, कार्यपालिका | |
| | श्री जनार्दन आचार्य | नि.प्र.प्र.अ. | |
| | श्री विर बहादुर गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री छिन नाम्याल गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री नविन कुमार गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री तेन्जिन नाम्गेल गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री राप्के गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री साङमो छिरिङ गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री लक्ष्मी कुमारी गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री देवी गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री फूलकुमारी विश्वकर्मा | सदस्य, कार्यपालिका | |
| | श्री फूलमाया वि क | सदस्य, कार्यपालिका | |
| | श्री छिरिङ आङगेल गुरुङ | सदस्य, कार्यपालिका | |
| | श्री धर्पु गुरुङ | | कार्यवाहक सदस्य |
| | श्री छवाङ नाम्गया गुरुङ | | कार्यवाहक सदस्य |
| अन्य उपस्थिती | | | |
| | | | |
| | | | |
| | | | |

**प्रस्तावहरुः**

१- अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२- पारित योजना शिघ्र संचालन गर्ने ।

३- विपद् व्यवस्थापन अन्तर्गतको विनियोजित बजेटबाट रकम उपलब्ध गराउने।

४- घुम्ति विद्यालय तथा घुम्ति पढाई कार्यक्रम संचालन सम्बन्धमा ।

५- बालविकास केन्द्र स्थापना अनुमति तथा संचालन सम्बन्धमा ।

६- अवलोकन भ्रमण सम्बन्धमा ।

७- आई.टी.अफिसर नियुक्ति प्रकृया सम्बन्धमा।

८- आयमुलक कार्यको लागि स्वरोजगार कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

CamScanner

९- महिला ससक्तिकरण कार्यक्रम संचालन समबन्धमा ।

१०- मायाको चिनो र फ्रेम को रकम भुक्तानि सम्बन्धमा ।

११- श्री मुक्तिनाथ आधारभुत विद्यालयलाई सोलार प्रदान गर्ने सम्बन्धमा ।

१२- ताङ्वे टेलिफोन टावरको लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।

१३- विपत कोष बाट रकम ब्यहोर्ने गरि विपत कामहरुका लागि रकम सम्बन्धमा ।

१४- आधारभुत अस्पतालको जग्गा सम्भाएको रकम भुक्तानि सम्बन्धमा ।

## निर्णयहरुः

१- यस अघि बसेको कार्यपालिका बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो।

२- यस गाउँपालिका बाट पारित योजनाहरु आवश्यक प्रकृया पु-याई चाँडो भन्दा चाँडो संचालन गरी समयमै सम्पन्न गर्न उपभोक्ता समितिहरु गठन गर्नलगाई नियमानुसार गाउँपालिकामा सम्झौता गर्न ताकेता गर्ने।

३-यस गाउँपालिकामा २०७८ सालको बर्षाद्ले बिभिन्न स्थानमा पु-याएको भौतिक संरचनाहरुको क्षतिको प्राविधिक स्टीमेट र सम्पन्न कार्यप्रगतिको आधारमा क) वडा नं. १ को मुक्तिनाथ गेटमा ग्याबियन जाली, ख) वडा नं. २ को झोङमा ग्याबियन जाली, ग) वडा नं. २ को छोङ्गुरमा बाटो र कुलोमा ग्याबियन जाली, घ) वडा नं. ३ को तेताङमा बाटो र कुलो, ङ) वडा नं. ३ को छुसाङमा खोलाको पुल पारी भत्केको मर्मत, च) वडा नं. ४ को कागवेनीमा खानेपानी पाईप र ३ फेजको विधुत तार प्राबिधिक स्टिमेट र कार्य प्रगतिका आधारमा भुक्तानि दिने, छ) वडा नं. ५ को ढाकार्जुङमा महिला समुहको भवन मर्मत लगायत कामको विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने।

४-अत्याधिक चिसोका कारण श्री जननर्मल मा.वि. घुम्ति विद्यालयको रुपमा पौष, माघ र फाल्गुण महिनामापोखरामा संचालन हुँदै आएकोले उक्त विद्यालयलाई घुम्ति विद्यालय संचालनको अनुमति दिने निर्णय गरियो। साथै अन्य विद्यालयहरु दुई गहिनाको लागि हिउँदे विदा भएकोले विद्यार्थीहरुको सिकाईलाई दिगो वनाउन सम्वन्धित वडाका अभिभावकको मागको आधारमा घुम्ति पढाई संचालनका लागि अनुमति दिने निर्णय गरियो। साथै दुई महिनाका लागि घुम्ति पढाई कार्यक्रम संचालन गर्ने सहजकर्तालाई मासिक रु. १००००।– (दश हजार मात्र) का दरले भुक्तानी दिने निर्णय गरियो।

५-यस गाउँपालिकामा विद्यालय समायोजन/मर्ज बालविकास केन्द्र स्थापना गरी संचालन अनुमति दिने उदेश्यका साथ आ.व. २०७८/७९ मा बजेट पनि विनियोजन समेत भईसकेकोले वडा नं. २ को झोङ र पुटाकमा बालविकास केन्द्र स्थापनाको लागि सम्वन्धित वडा कार्यालयबाट सिफारिस समेत प्राप्त भएकोले दुवै गाउँमा बालविकास केन्द्र स्थापना गरी संचालन अनुमति दिने र तहाँ अध्यापनरत बालविकास सहजकर्तालाई मासिक रु.१५०००/-का दरले तलब सुविधा उपलव्ध गराउने निर्णय गरियो।

६- यस गाउँपालिकाको यस आ.व. २०७८/७९ मा स्वीकृत पर्यटकीय अवलोकन भ्रमणको लागि ईलाम क्षेत्रलाई मुख्य गन्तव्य बनाई गाउँ सभाका सदस्यहरु तथा वियगत शाखाका १/१ जना कर्मचारी जाने गरी आवश्यक पेश्की रकम कार्यपालिका सदस्य श्री छिन नाम्ग्याल गुरुङलाई उपलव्ध गराउने निर्णय गरियो।

७- वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृतको पदमा पदपुर्ति गर्नको लागि मिति २०७७/१२/१० गते सूचना प्रकाशित भई मिति २०७८/०१/१२ मा संक्षिप्त सूचि समेत तयार गरी परिक्षाको मिति तोकिएकोमा कोभिड-१९ को दोस्रो लहर सँगैको लकडाउनका कारण मिति २०७८/०१/१६ गतेका दिन अर्को सूचना प्रकाशित नहुँदा सम्मको लागि

परिक्षाको कार्यक्रम स्थगित गरिएको थियो। तत्कालिन अवस्थामा कार्यपालिकाको निर्णयबाट तत्कालिन जिल्ला समन्वय अधिकारी (मुस्ताङ) श्री सुरेन्द्र थापा संयोजक र जिल्ला सरकारी वकिलको कार्यालय मुस्ताङका प्रमुख टेकनाथ अधिकारी र वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सदस्य रहने गरी परिक्षा समिति गठन भएकोमा जिल्ला समन्वय अधिकारी सुरेन्द्र थापा र जिल्ला सरकारी वकिल कार्यालय प्रमुख टेकनाथ अधिकारीको मुस्ताङबाट अन्यत्र सरुवा भै सकेको र निजहरु मार्फत परिक्षा संचालन गर्न नसकिने देखिएको हुँदा पहिले उक्त समितिले गरेका कार्यहरुलाई समर्थन गर्दै अब बाँकी परिक्षाको प्रकृया वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कारारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७७ को दफा ५ बमोजिमको समिति निर्माण गरी संचालन गर्ने साथै उक्त समितिलाई आवश्यक सहयोगी सदस्य सोही समितिले आमन्त्रीत गर्न सकिने व्यवस्था गर्ने गरी निर्णय गरियो।

८- आयमुलक कार्यको लागि स्वरोजगार कार्यक्रम कार्यान्वयन को लागि सिघ्र कार्यविधि बनाई सो कार्यक्रमको संचालन गर्ने निर्णय गरियो।

९- महिला ससक्तिकरण कार्यक्रम संचालनको लागि सिघ्र कार्यविधि बनाई सो कार्यक्रमको संचालन गर्ने निर्णय गरियो।

१०- यस गाउँपालिकालाई कोभिड- १९ न्युनिकरण तथा अन्य विविध क्षेत्रमा सहयोग गर्ने व्यक्तिलाई यस गाउँपालिकाले सम्मान स्वरुप प्रदान गरेको मायाको चिनो र फ्रेम वापत लागेको रकम गाउँपालिकको विविध कोषवाट भुक्तानि दिने निर्णय गरियो ।

११- श्री मुक्तिनाथ आधारभुत विद्यालय लाई अत्याधिक चिसोको कारणवाट दैनिक रुपमा सरसफाई गर्न कठीन भएकाले उक्त विद्यालयलाई गाउँपालिकाको विविध कोष वाट सोलारको लागि प्राविधिकको मुल्याङ्कन अनुसार रकम उपलब्ध गराउने निर्णय गरीयो ।

१२- ताङ्बेको टेलिफोन मर्मतको लागि विबिध कोषवाट खर्च लेख्ने गरी रु. १ लाख २५ हजार रुपैया छुट्टाउने निर्णय गरियो ।

१३- विपत कोष वाट रकम ब्यहोर्ने गरि तपशिल वमोजिमका कामहरुका लागि तोकियबमोजिमको रकम छुट्टाउने निर्णय गरीयो ।

तपशिल-

१. खिंगा घेकु छोर्तेन मर्मत -रू. १ लाख ५० हजार
२. झारकोट केडी छोर्तेन मर्मत – रु. १ लाख
३. झोङ छोर्तेन मर्मत – रु. २ लाख
४. ताङ्बे छोर्तेन मर्मत – रु. २ लाख ५० हजार
५. तेताङ छोर्तेन मर्मत – रु. १ लाख ७० हजार
६. समर छोर्तेन मर्मत – रु. १ लाख
७. घ्याकर बत्ति बाल्ने कोठा मर्मत – रु. ५० हाजर
८. घ्याकर सिचाई कुलो मर्मत- रु २ लाख
९. फल्याक नाम्ग्याल मर्मत – रु. १ लाख
१०. पुराङ गाउँको छोर्तेन मर्मत – रु. १ लाख
११. शान्ता छोर्तेन मर्मत – रु. १ लाख
१२. कागबेनी धाक्र्याङ छोर्तेन मर्मत – रु. ५० हजार
१३. चैले सिचाई कुलो मर्मत – रु. १ लाख
१४. कागबेनी तिङ्ग्घ्युर खेतको बाटोको कुलोमा ह्युम पाईप – रु. ५० हजार

१५. हिमपात बाट जोगिनको लागि प्लाष्टिक खरिद – रु ५ लाख
१६. खिंगा- झारकोट पिच बाटो भासियको मर्मत – (प्राविधिक मुल्याङ्कन अनुसार भुक्तानि दिने।

१४- आधारभुत अस्पताल निर्माणको लागि जग्गा सम्भाउने कार्य भएकाले उक्त कार्यको प्राविधिक मुल्याङ्कन अनुसार रकम भुक्तानि दिने निर्णय गरियो ।